# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

प.सं. :- ०८१।०८२
च.नं. :-

बागमती प्रदेश, नेपाल

### आ.व. २०८२/०८३ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना ।

रोजगारीको हकसम्बन्धी ऐन २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५(पहिलो संशोधन,२०७७ सहित)आर्थिक वर्ष ०८२।०८३ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने इच्छुक १८-५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफु स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा मिति २०८१ फाल्गुण महिना भित्रमा वेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालय, रोजगार सेवा केन्द्र, किस्पाङ गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ । साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रूपमा भर्नुहुन अनुरोध गरिन्छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-**

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२) निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो ।
३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं, जारी मिति तथा जिल्ला
४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता................................ सीप, दक्षता तथा रोजगारीको अवस्था, स्वदेश विदेश स्वरोजगार ।
५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि, ना.प्र.नं पत्र अन्यत्रवाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्रा.नं. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६) कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण ।
७) यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण।
८) देश..........पासपोर्ट..........विदेशमा गरेको कामसंग सम्बन्धित .......उल्लेखित सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ ।

थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवा केन्द्र किस्पाङ गा.पा मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

चक्र बहादुर शाही
(नि. प्रमुख प्रशासकीय अधिकृत)